# दक्षिण एसियामा उदारीकरणले डेढ खर्ब बच्ने

कान्तिपुर संवाददाता/काठमाडौं

दक्षिण एसियाली मुलुक व्यापारमा थप उदार हुन सके यहाँका उपभोक्ताको वार्षिक २ अर्ब अमेरिकी डलर (करिब १ खर्ब ६० अर्ब रुपैयाँ) बचत हुने एक अध्ययनले देखाएको छ । कट्स इन्टरनेसनल र साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाइरोमेन्ट (सावती) अन्य अध्ययन संस्थाले यो अध्ययन गरेका हुन् ।

दक्षिण एसियामा आर्थिक समन्वय नहुँदा उपभोक्तामा परेको असरमा गरिएको उक्त अध्ययन शुक्रबार राजधानीमा सार्वजनिक गरिएको हो । सावती, कट्स इन्टरनेसनल, एसिया फाउन्डेसन र कमनवेल्थ सचिवालयले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा दक्षिण एसियाको अझै व्यापार उदारीकरण आवश्यक छ ।

कार्यक्रमको उद्घाटन समारोहमा वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले व्यापार उदारीकरणको प्रभावको कुरा गर्दा उपभोक्ताको चाहनालाई बेवास्ता गर्न नहुने बताए ।

'भन्सार उदारीकरण बढाउँदा राजस्व घट्छ,' उनले भने, 'यसले विकास कार्यक्रमलाई अगाडि बढाउन समस्या आउने अवस्था समेत सिर्जना गर्न सक्छ ।' उनले भन्सारमा सहुलियत जटिल विषय भएको बताए ।

सावतीका कार्यकारी अध्यक्ष पोषराज पाण्डेले क्षेत्रीय व्यापार समन्वयको विषयमा दक्षिण एसिया अझै रुमलिएको बताए । भौगोलिक निकटता र सांस्कृतिक समानता भए पनि यस क्षेत्रको व्यापार र आर्थिक सहकार्यका अति सीमित भएको बताए ।

यहाँको व्यापारमा क्षेत्रीय व्यापारको हिस्सा ५० प्रतिशत रहेको उनले बताए । 'यो सन् १९५० मै उपलब्ध भइसकेको थियो । हामीले विगतको ६ दशकमा कुनै पनि प्रगति गरेका छैनौं,' उनले भने, 'जनताले राजनीतिक कारणलाई दोष दिन्छन् । तर यस क्षेत्रमा कम व्यापार हुनुको कारण आर्थिक पनि हो ।'

कमनवेल्थ सचिवालयको आर्थिक सम्बन्ध विभाग अन्तर्राष्ट्रिय व्यापार र क्षेत्रीय संगठनका प्रमुख तथा सल्लाहकार इडविन लाउरेन्टले यस क्षेत्रमा व्यापार उदारीकरणबाट फाइदा लिन व्यापार र लगानीमा सहकार्य हुनुपर्ने बताए ।

बंगलादेश, भारत, नेपाल, पाकिस्तान र श्रीलंकामा भएको अध्ययनले सरकारी अधिकारी, राजनीतिक नेता, व्यापार तथा उद्योगका प्रतिनिधि र उपभोक्ता क्षेत्रीय व्यापार साझेदारीलाई विश्वास गर्छन् ।

कार्यक्रममा एसिया मिडिया फोरमले एसिया मिडिया रिपोर्ट २०११ पनि सार्वजनिक गरेको छ । जुन जलवायु परिवर्तनको बारेमा छ । कार्यक्रम दुई दिन चल्ने छ ।